# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

तेतरिया,मोरङ्
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

पत्र संख्या : २०७९/०८०
Ref.No :2079/080
चलानी नं. : ४८६६

मितिः २०८०।३।१८

विषयः हाटबजार ठेक्का सम्बन्धि सूचना ।

( दोश्रो पटक प्रकाशीत )

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।२।२३ गतेको निर्णय अनुसार गाउँपालिका क्षेत्र भित्र रहेका तपशिल बमोजिम हटिया आ. व. २०८०/०८१ वर्ष १ का लागि ठेक्का बन्दोबस्त द्वारा हाटकर लगाउनु पर्ने भएकोले यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपशिल बमोजिम न्यूनतम अंकमा नघट्ने गरि ठेक्का द्वारा हाटकर असुल गर्न चाहने व्यक्ति तथा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन मिति २०८०।४।१ गते भित्र (सो दिन बिदा परे सो को भोलिपल्ट) यस गाउँपालिकाको कार्यालयबाट दरभाउ पत्र खरिद गरि १६औ दिन मिति २०८०।४।२ गते दिनको १२ बजे सम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गरिसकेको हुनुपर्ने र दर्ता हुन आएका दरभाउपत्रहरु १६ औ दिनका दिन (मिति २०८०।४।२ गते दिनको २ बजे (सो दिन बिदा परेमा सो को भोलिपल्ट सोही समयमा) उक्त दरभाउ पत्र प्रचलित कानून बमोजिम खोलिने ब्यहोराको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपशिलः

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | वडा नं. | न्यूनतम अङ्क मु. अ. कर समेत | दरभाउपत्रको मुल्य रु. (फिर्ता नहुने गरि) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | १/०८०।०८१ | हाट बजार कर लखनतरी रबिहाट | १ | ६०,०००। | १०००। | ३,०००। |
| २ | २/०८०।०८१ | हाट बजार कर झोराहाट | २ | १,२०,०००। | १,०००। | ६,०००। |
| ३ | ४/०८०।०८१ | हाट बजार कर शुक्रबारे र लोहासुर मोतीपुर | ४ | १,१०,०००। | १,०००। | ५,५००। |
| ४ | ५/०८०।०८१ | हाट बजार कर तेतरिया हाट | ५ | १,२५,०००। | १,०००। | ६,२५०। |
| ५ | ६/०८०।०८१ | हाट बजार कर बनिगामा हाट रबिबार र सोमबार | ६ | ३०,०००। | १,०००। | १,५००। |
| ६ | ७/०८०।०८१ | हाट बजार कर बनिगामा हाट मङ्गलबार शुक्रबार | ७ | २,००,०००। | १,०००। | १०,०००। |

शर्तहरु

१. धरौटी बापत धरौटी महलमा उल्लेखित रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैकको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ मा जम्मा गरि सोको सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।
२. सिलबन्दी दरभाउपत्र साथ नेपाली नागरिकताको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।
३. हाटबजारको दररेट यसै सूचना साथ संलग्न गरि प्रकाशित गरिएको छ।
४. स्वीकृत दररेटको सिमा नाघी कर अशुल गर्न पाईने छैन ।
५. ठेक्का रकम सम्झौताको बखत अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ।
६. प्रचलित कानून बिपरित ठेक्का चलन भए गरेको पाईएमा यस कार्यालयबाट कुनै पनि समयमा ठेक्का भङ्ग गरि कार्यालयलाई हुन जाने हानी नोक्सानी सम्बन्धित ठेकेदारबाट अशुल उपर गरिनेछ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या : २०७९/०८०
Ref.No :2079/080
चलानी नं. :

७. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. ठेक्का सिलबन्दी गोप्य दरभाउपत्र द्वारा बन्दोबस्त गरिनेछ।

९. नियमानुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरु ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा २०८०।४।२ गते दिनको २ बजे यस कार्यालयमा खोलिनेछ तर प्रतिनीधी उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन्।

१०. दरभाउपत्र रु.१०००। तिरी यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

११. आफूले कबोल गरेको ठेक्का अङ्क र अक्षर दुबैमा केरमेट नगरि स्पष्ट बुझिने गरि उल्लेख गर्नु पर्नेछ , अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१२. रित नपुगेको दरभाउपत्रलाई प्रतिष्पर्धामा समाबेश गराईने छैन्।

१३. ठेक्का लागेको हटियामा हटियाका दिन सिर्जित फोहोर ठेकेदार स्वयमले ब्यवस्थापन गर्नुपर्ने छ।

१४. हाटकर सम्बन्धि अन्य शर्तको हकमा प्रचलित कानून र यस गा.पा.को निर्णय अनुसार हुनेछ।

बोधार्थ:

१. श्री ७ वटै वडा कार्यालयहरु (सूचना टाँस गरि जानकारी पठाईदिनु हुन)।
२. श्री सुचना प्रबिधि शाखा (वेभसाईडमा अपलोड गरिदिनु हुन)

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत